## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्याः ०४-२०८२/०८३

मिति २०८२/०७/१८ | समय: दिनको ११:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थितीः**

| नामथर | पद |
|---|---|
| श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| श्री हुम माया खान | गा.का.पा. सदस्य |
| श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री कालिका तिमिल्सिना लम्साल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

**कर्मचारी उपस्थितीः**

श्री होमनाथ लामिछाने नि.प्र.प्र.के.

श्री गोविन्द प्रसाद पौडेल अधिकृत

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

मितिः २०८२/०७/१८ वैठक संख्याः ०४-२०८२/०८३

**प्रस्तावहरुः**

१. समीक्षा सम्बन्धमा।
२. आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रमको कार्ययोजना सम्बन्धमा।
३. नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/०६/०५ को निर्णय कार्यान्वयन सम्बन्धमा।
४. रोजगार सेवा केन्द्रको योजना स्वीकृत सम्बन्धमा।
५. शिक्षक सरुवा सम्बन्धमा।
६. बजार अनुगमन सम्बन्धमा।
७. बाँदर आक्रमण नियन्त्रणका लागि जनशक्ति व्यवस्थापन सम्बन्धमा।
८. विपद् व्यवस्थापन सम्बन्धमा।
९. सोलार जडान सम्बन्धमा।.
१०.घ वर्गको इजाजत पत्र दिने सम्बन्धमा।
११.विविध।

**निर्णयहरुः**

**निर्णय नं. १:** प्रस्ताव नं. १ का सम्बन्धमा यस अगाडिको बैठकमा गरिएका निर्णयहरु कार्यान्वयन सम्बन्धमा समीक्षा गरियो।

**निर्णय नं. २:** प्रस्ताव नं. २ का सम्बन्धमा आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रमको कार्य योजना तालिका बनाई कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३:** प्रस्ताव नं. ३ का सम्बन्धमा नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०८२/०६/०७, च.नं. १८ को पत्रका सम्बन्धमा गहन रुपमा छलफल तथा समीक्षा गरियो।

**निर्णय नं. ४:** प्रस्ताव नं. ४ का सम्बन्धमा राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्रको निम्नलिखित योजना स्वीकृत गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

| क्र. सं. | आयोजनाको नाम | वडा नं. | रोजगार आयोजना सञ्चालनको क्षेत्र | लागत सहभागिता हजारमा | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | ज्याला रकम | गाउँपालिका | जम्मा | |
| १ | पार्वती कुलोको बाधमा ग्याविन जाली लगाउने कार्य | १ | कृषि तथा सिंचाई/बन तथा जलाधार | २०० | २०० | ४०० | |

तिल बहादुर थापा,
अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | बसेनीटारमा पक्की नाला निर्माण | १ | सडक निर्माण तथा मर्मत सम्भार | १२० | १८० | ३०० | |
| | जम्मा | | | ३२० | ३८० | ७०० | |
| ३ | छेरङ्गा कुलो तथा आँपखेत कुलो मर्मत | २ | कृषि तथा सिंचाई | १२० | १८० | ३०० | |
| ४ | मोहन सिं कुवा मर्मत तथा आमडाडा सिचाई मर्मत | २ | ग्रामिण खानेपानी/कृषि तथा सिंचाई | १२० | १८० | ३०० | |
| ५ | जरम खानेपानी मर्मत | २ | ग्रामिण खानेपाद्दी | १६० | २४० | ४०० | |
| ६ | दरैटार कुलो तटबन्धन तथा बोझडी कुलो मर्मत | २ | कृषि तथा सिंचाई | १२० | १८० | ३०० | |
| ७ | धरुखोला लिफ्टिङ्ग खानेपानी मर्मत तथा तालवारी नाला निर्माण | २ | ग्रामिण खानेपानी/सडक निर्माण तथा मर्मत संभार | ८० | १२० | २०० | |
| ८ | जुनोदय आ.वि. सरस्वति मन्दिर निर्माण तथा झ्यावर्दी खानेपानी मर्मत | २ | शिक्षा/ग्रामिण खानेपानी | ८० | १२० | २०० | |
| | जम्मा | | | ६८० | १०२० | १७०० | |
| ९ | वडा कार्यालयको दक्षिण तर्फ पहिरो व्यवस्थापन | ३ | बन तथा जलाधार | २०० | २०० | ४०० | |
| १० | कदमपानी खोलामा कज वे र ग्यावीन जाली लगाउने कार्य | ३ | सडक निर्माण तथा मर्मत सम्भार | २०० | २०० | ४०० | |
| ११ | भुसाल गैरा बाटो मर्मत | ३ | सडक निर्माण तथा मर्मत सम्भार | १५० | १५० | ३०० | |
| १२ | भृकुटि मो.मा. विभिन्न ठाउँमा ग्यावीन जाली लगाउने कार्य | ३ | सडक निर्माण तथा मर्मत सम्भार | १५० | १५० | ३०० | |
| १३ | कोलडाडा चौतारा निर्माण कार्य | ३ | पर्यटन | ८० | १२० | २०० | |

तिल बहादुर थापा,
अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | गुरुङ्ग टोल पहिरो नियन्त्रण | ३ | बन तथा जलाधार | १०० | १०० | २०० | |
| | जम्मा | | | ८८० | ९२० | १८००  | |
| १५ | सिंञाङ्ग बैदार चौतारा निर्माण तथा २ घरे जाने सिढि मार्ग निर्माण कार्य | ४ | पर्यटन | १६० | २४० | ४०० | |
| १६ | डुडे वासपानी सुन्तलाबारी घम्तिमा ग्याविन जाली लगाउने कार्य | ४ | सडक निर्माण तथा मर्मत सम्भार | २०० | २०० | ४०० | |
| १७ | राष्ट्रिय मा.वि. घेरावार तथा शौचालय निर्माण | ४ | शिक्षा | ४०० | ६०० | १०००  | |
| | जम्मा | | | ७६० | १०४० | १८००  | |
| १८ | सोलिघोप्टे मन्दिर सिढि मार्ग निर्माण कार्य | ५ | पर्यटन | १६० | २४० | ४०० | |
| १९ | बराह आ.वि. ग्याविन जालि लगाउने कार्य | ५ | शिक्षा | १२० | १८० | ३०० | |
| २० | गोहिटार भू-क्षय नियन्त्रण ग्याविन जाली लगाउने कार्य | ५ | बन तथा जलाधार | १८६ | १८६ | ३७२ | |
| २१ | भुवनटार ओरालो ढलान गर्ने कार्य | ५ | सडक निर्माण | ९० | २१० | ३०० | |
| | जम्मा | | | ५५६ | ८१६ | १३७२ | |
| | कुल जम्मा | | | ३१९६ | ४१७६ | ७३७२ | |

**निर्णय नं. ५:** प्रस्ताव नं. ५ का सम्बन्धमा गाउँ शिक्षा समितिको मिति २०८२/०७/१४ गते बैठकको सिफारीस बमोजिम श्री भृकुटी माध्यमिक विद्यालय देवघाट-३, साराङ्घाटमा कार्यरत माध्यमिक तह तृतीय श्रेणी नेपाली विषयमा स्थायी शिक्षक श्री किशोर काफ्लेलाई यस गाउँपालिका अन्तर्गत श्री पार्वती माध्यमिक विद्यालय देवघाट-१ कोटामा रिक्त रहेको माध्यमिक तह तृतीय श्रेणी नेपाली विषयको रिक्त स्थानमा सरुवा गर्ने सर्वसम्मत निर्णय गरियो।

तिल बहादुर थापा
अध्यक्ष

**निर्णय नं. ६:** प्रस्ताव नं. ६ का सम्बन्धमा देवघाट गाउँपालिका अन्तर्गत उद्योग, व्यवसाय संचालन गरेका उद्योग व्यवसाय पसलहरुको बजार अनुगमनका लागि सम्बन्धित विशेषज्ञ आमन्त्रण गरी बजार अनुगमनको प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ७:** प्रस्ताव नं. ७ का सम्बन्धमा देवघाट-५ क्षेत्र धार्मिक क्षेत्र लगायत आसपासका क्षेत्रमा दिन प्रतिदिन बाँदरको संख्या बृद्धि हुँदै गइरहेको र बाँदरबाट आक्रमण भई दिन प्रतिदिन मानिसहरु घाइते समेत हुन गएकोले बाँदरबाट बच्नका लागि आवश्यक सचेतना गराउने र बाँदर आक्रमण नियन्त्रणका लागि देवघाट क्षेत्र विकास, ५ नं. वडा कार्यालयसँग समन्वय गरी बढीमा ३ जना जनशक्ति १ (एक) महिनाको लागि ज्यालादारीमा व्यवस्थापन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ८:** प्रस्ताव नं. ८ का सम्बन्धमा देवघाट-५ बासुचोक देखि देउपुर डवलीपार्क सडक मार्गका बिचमा पर्ने रुखहरुबाट सडक वरपरका घरहरु हावाहुरीबाट जोखिम रहेको उक्त स्थानमा रहेका रुखहरु हटाउनका लागि जिल्ला वन कार्यालय लगायत जिल्ला विपद् व्यवस्थापन समितिमा आवश्यक समन्वय गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ९:** प्रस्ताव नं. ९ का सम्बन्धमा देवघाट गाउँपालिका अन्तर्गतका विभिन्न वडाका विद्युत लाइन नपुगेका घरधुरी सर्वेक्षण गरी सोलार जडानका लागि वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रमा पत्राचार गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १०:** प्रस्ताव नं. १० का सम्बन्धमा तपसिल बमोजिमको प्रकृया पुऱ्याइ आएका फर्म तथा कम्पनीहरुलाई घ वर्गको इजाजत पत्र दिने निर्णय गरियो ।

क) घण्टाचुली कन्स्ट्रक्सन प्रा.लि., देवघाट-५, तनहुँ ।
ख) एस.के. इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि., कुश्मा-१०, पर्वत ।

**निर्णय नं.:** ११ प्रस्ताव नं. ११ का सम्बन्धमा तपसिल बमोजिमको विविध निर्णय गरियो ।

क) इकाला प्रहरी कार्यालय देवघाटको रंगरोगन एवं लेखन कार्य वापतको विल बमोजिमको खर्च रकम रु. १९,६०० (अक्षरुपी उन्नाइस हजार छ सय रुपैयाँ मात्र) भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।
ख) विष्णुशैया टोल विकास संस्था देवघाट-५ को माग बमोजिम नयाँ प्रेम सहितको ३५ वटा पोलहरुमा विद्युत वत्ती जडान गरी सो वापतको खर्च रकम भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।
ग) देवघाट-१ कोटाको वडा कार्यालयको पालिका स्तरीय अनुगमन गर्दा खाजा खाना वापतको रकम रु. १५,६३०/- (अक्षरुपी पन्ध्र हजार छ सय तीस रुपैयाँ मात्र) भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।
घ) कार्यपालिका बैठक, वडा समिति बैठक तथा कानून बमोजिम गठित समितिको बैठक बसे वापतको बैठक भत्ता उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।
ङ) यस देवघाट गाउँपालिकाको कार्यक्षेत्र अन्तर्गतका घाटहरुबाट नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी बालुवा आदि उत्खनन्, संकलन तथा बिक्री व्यवस्थापन गर्ने सम्बन्धमा तपसिलका घाटहरुबाट आय ठेक्का बन्दोबस्त गर्ने

तिल बहादुर थापा
अध्यक्ष

प्रयोजनको लागि जिल्ला समन्वय समिति दमौलीलाई आवश्यक अनुगमन गरी राष्ट्रपति चुरे तराई-मधेश संरक्षण विकास समिति, खुमलटार, ललितपुरलाई सिफारिस गर्नको अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

अ. त्रिशुली नदी सेती भतेरी घाट, देवघाट-५, तनहुँ।

आ. त्रिशुली नदी भुवनटार घाट, देवघाट-५, तनहुँ।

च) देवघाट गाउँपालिकाको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक विकास कार्यक्रम अध्ययन, अनुसन्धान, परामर्श शीर्षकबाट खर्च गर्ने गरी वडा नं. ३ मा प्रदेश समपुरक विशेष अनुदानबाट विनियोजित रु. ४० लाखबाट वाटक खोलामा कल्वर्ट निर्माण योजनाको Estimate, Design, Drawing तथा Cost Estimation Report, गोरखकालिका आ.वि. स्ट्रक्चरल Design, Drawing Cost Estimation Report तयार गर्नको लागि परामर्श सेवा खरिद गर्ने निर्णय गरियो।

तिल बहादुर थापा
अध्यक्ष